## उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ सङ्ख्या : २४ मिति : चैत्र १४, २०७९


## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९**

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१२।१३

उर्लाबारी नगरपालिका

उर्लाबारी नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ दफा २१ मा संशोधनः** जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा २१ मा देहायको उपदफा (३) थप गरिएको छ ।

**"(३) माथि जुनसुकै कुरा उल्लेख भएतापनि अदालतबाट फैसला भई आएको र अंशबण्डाको अवस्था बाहेक हालसम्म कायम एक कित्ताको सम्पूर्ण भाग आवासिय वा व्यवसायिक क्षेत्रमा पर्ने भए सो कित्तालाई वा एक कित्ताको केही भाग आवासिय वा व्यवसायिक वा दुवै क्षेत्रमा पर्ने भए आवासिय/व्यवसायिक क्षेत्रमा पर्ने भागलाई एक कित्तासम्म**

उर्लाबारी नगरपालिका

मात्र कित्ताकाट गरी बढिमा तिन टुक्रा मात्र कित्ताकाट गर्न सकिने छ ।“

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका

*मूल्य रु. ५।-*